प्रति साधारण शेयर रु.१००/- अंकित
दरको ४०,२७,९६६.२० कित्ता
हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कं. लि.
पो.ब.नं. २५९४३, एशियन लाईफ भवन, मैतिदेवी, काठमाण्डौ फोन नं.: ४४३०२७०,४४१०११५ फ्याक्स नं.: ४४४२१३८
कम्पनीको रजिष्टर्ड कार्यालयः वडा नं. ७, मेनरोड, बीरगंज, पर्सा
Email:asianlife@asianlife.com.np, Website:www.asianlife.com.np

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:
निष्काशन खुल्ला हुने मितिः २०७४/११/१३ गते
निष्काशन बन्द हुने मितिः २०७४/१२/१८ गते
(बैकिंग समय पश्चात्)

२ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.८०,५५,९३,२४०/- को दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा रु.१००/- अंकित दरका ४०,२७,९६६.२० कित्ता हकप्रद साधारण शेयर मिति २०७४/१०/७ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम :
एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि. (Asian Life Insurance Company Ltd.)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस कम्पनीको रजिष्टर्ड कार्यालय पर्सा जिल्ला, बीरगञ्ज महानगरपालिका वडा नं.७, मेनरोड, वीरगञ्जमा रहेको छ । साथै कम्पनीको मुख्य कारोवार गर्ने कर्पोरेट कार्यालय मैतिदेवी, काठमाण्डौमा रहेकोछ ।

३. कारोवार स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान एशियन लाईफ भवन, मैतिदेवी, काठमाण्डौमा रहेकोछ । बीमा समितिको स्वीकृती लिई नेपाल राज्य भित्र वा विदेशमा आवश्यकतानुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ । यस कम्पनीले हाल निम्न स्थानहरुमा शाखा कार्यालयहरु खोली कारोवार सञ्चालन गर्दै आइरहेकोछ ।

क्र.सं.	नाम र ठेगाना	क्र.सं.	नाम र ठेगाना	क्र.सं.	नाम र ठेगाना	क्र.सं.	नाम र ठेगाना
१	शाखा कार्यालय, बनेपा, काभ्रे	२	शाखा कार्यालय, काठमाण्डौ	३	शाखा कार्यालय, सुर्खेत	४	शाखा कार्यालय, बुटवल, रुपन्देहि
५	शाखा कार्यालय, दमक, झापा	६	शाखा कार्यालय, महेन्द्रनगर	७	शाखा कार्यालय, विर्तामोड, झापा	८	शाखा कार्यालय, विराटनगर
९	शाखा कार्यालय, नारायणगढ, चितवन	१०	शाखा कार्यालय, नेपालगञ्ज	११	शाखा कार्यालय, धरान, सुनसरी	१२	शाखा कार्यालय, दाङ्ग
१३	शाखा कार्यालय, बीरगञ्ज	१४	शाखा कार्यालय, पोखरा	१५	शाखा कार्यालय, धनगढी	१६	शाखा कार्यालय, हेटौडा
१७	शाखा कार्यालय, लाहान	१८	शाखा कार्यालय, नुवाकोट	१९	शाखा कार्यालय, जनकपुर	२१	शाखा कार्यालय, डोटी
२१	शाखा कार्यालय, बालाजु	२२	शाखा कार्यालय, टीकापुर	२३	शाखा कार्यालय, जावलाखेल	२४	शाखा कार्यालय, पाल्पा
२५	शाखा कार्यालय, घोराही						

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

प्रचलित कम्पनी ऐन बमोजिम एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड २०६४ साल कार्तिक २७ गते कम्पनि रजिष्ट्रारको कार्यालयमा दर्ता भई बीमा समितिबाट बीमा ऐन, २०४९, को दफा १० (३) तथा बीमा नियमावली २०४९को नियम ८(१)बमोजिम वीमकको रुपमा जीवन बीमा व्यवसाय गर्न पाउने गरि स्वीकृति प्राप्त गरि मिति २०६४/१२/२१ गते देखि कारोवार संचालन गरिरहेको छ । यस कम्पनीको संस्थापकहरुमा बैंकिङ्ग, फाइनान्स, इन्स्योरेन्स, ट्रेडिङ्ग, उत्पादन, व्यापार तथा विभिन्न व्यवसाय क्षेत्रहरुमा लामो समय देखि आवद्ध रहेका तथा अनुभव हासिल गरेका देशका ख्यातिप्राप्त व्यक्तित्व/संस्थाहरु रहेका छन् ।

बीमा ऐन, बीमा नियमावली, कम्पनी ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही जिवन बीमा सम्बन्धी कारोवार गर्ने र यस बाट संकलित पूँजी देशको आर्थिक विकासमा लगाउने मुख्य उद्देश्य रहने गरि यस कम्पनिको उद्देश्यहरु देहाय बमोजिम हुनेछ ।

१) बीमा ऐन तथा नियमहरुको अधिनमा रहि विभिन्न प्रकारको जीवन बीमा व्यवसाय गर्ने ।
२) सावधिक जीवन बीमा, अग्रिम भुक्तानी सावधिक जीवन बीमा, आजीवन जीवन बीमा, बालबच्चा जीवन बीमा, म्यादी जीवन बीमा तथा अन्य विभिन्न प्रकारका बहुउपयोगी जीवन बीमा सम्बन्धी कार्यहरु सञ्चालन गर्ने गराउने ।
३) जीवन बीमाका विभिन्न स्किम भित्र पुरक करार अन्तर्गत दुर्घटना सम्बन्धी जोखिमलाई समेत समावेश गरी शारिरिक अंगभंग सहितको बीमा संचालन गर्ने ।
४) जन चाहना अनुसार जीवन बीमालेख अर्न्तगत पुरक करारसंग आवद्ध गरी औषधि उपचार बीमा योजना (Medical Insurance) निवृत्तिभरण (Pension) योजना, Annuity सम्बन्धी योजना, संघ, संस्था, कार्यालय, कारखानामा काम गर्ने कामदारहरुको जीवन बीमालेख अन्तर्गत पुरक करार संग आवद्ध गरि दुर्घटना, खतरा र क्षतिलाई सोधभर्ना गर्ने गरि बीमा योजना सञ्चालन गर्ने गराउने ।
५) प्रचलित ऐन, नियम अन्तर्गत सहायक कम्पनी स्थापना गर्ने वा अन्यले स्थापना गर्ने कम्पनिमा सहभागी हुने ।
६) विभिन्न कम्पनिको संस्थापक भई वा नभई शेयरमा लगानी गर्ने गराउने ।
७) कम्पनीद्वारा सञ्चालित विभिन्न व्यवसायको संरक्षण सम्बर्धनका लागी मनासिव ठानिएमा स्वदेशी तथा विदेशी पुनर्बीमा कम्पनिहरुसंग पुनर्बीमा गर्ने/गराउने ।
८) कम्पनीको शेयर पूँजी तथा कम्पनिद्वारा सञ्चालित विभिन्न व्यवसायबाट प्राप्त रकम, प्राप्त ब्याज तथा अन्य आय, बीमा समितिद्वारा निर्देश गरिए बमोजिम कम्पनिले ठीक ठहराएको अधिराज्य भित्रका बिभिन्न क्षेत्रका चल अचल सम्पत्तिमा लगानी गर्ने र सो लगानीको असुल उपर, बिक्री वितरण र सुरक्षाका लागी आवश्यक व्यवस्था गर्ने ।
९) स्वदेशी वा विदेशी बीमा कम्पनिहरुसंग मिलि वा छुट्टा छुट्टै किसिमको बीमा, पूनर्बीमा सम्बन्धि व्यवसाय गर्ने गराउने साथै तीनको प्रतिनिधि भई काम गर्ने गराउने ।
१०) कम्पनीको कुनै सम्पत्ति भाडामा दिने, बिक्री गर्ने वा अन्य प्रकारबाट बन्दोबस्त गर्ने ।
११) कम्पनीले मनासिव सम्झेमा प्रचलित ऐन, कानून अन्तर्गत र सम्बन्धित निकायबाट स्वीकृति लिईविदेशमा लगानी गर्ने ।

५. शेयर पूँजीको संरचना :

(क) **अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,०००/- (अक्षेरेपीदुई अर्व) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा २,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
(ख) **जारी पूँजी :** यस कम्पनीको जारी पूँजी रु.१,२०,८३,८९,८६०/- (अक्षेरेपी एक अर्व बीस करोड त्रियासी लाख उनान्नब्बे हजार आठ सय साठी) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १,२०,८३,८९८.६० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
(ग) **चुक्ता पूँजी :** यस कम्पनीको चुक्ता पूँजी रु.८०,५५,९३,२४०/- (अक्षेरेपी असी करोड पच्पन्न लाख त्रियान्नब्बे हजार दुई सय चालिस) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका ८०,५५,९३२.४० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,२०,८३,८९,८६०/- (अक्षेरेपी एक अर्व बीस करोड त्रियासी लाख उनान्नब्बे हजार आठ सय साठी) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने कम्पनीको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	८४,२८,६७१	७०%	८४,२८,६७,१००/-	शतप्रतिशत
ख	सर्वसाधारण शेयरवालाहरु (कर्मचारीहरु सहित)	३६,५५,२२७.६०	३०%	३६,५५,२२,७६०/-	शतप्रतिशत
	जम्मा	१,२०,८३,८९८.६०	१००%	१,२०,८३,८९,८६०/-	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

कम्पनीको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं.	नाम	पद	योग्यता	व्यवसायिक अनुभव	प्रतिनिधित्व समूह
१.	बिजय कुमार सरावगी	अध्यक्ष	वि.कम.	प्रोप्राईटर, त्रिशुल ट्रेड लिंक, विगत २५ बर्ष देखि व्यापार व्यवसायको अनुभव ।	संस्थापक समूह
२.	दिनेश लाल श्रेष्ठ	संचालक	एम.वि.ए.	महाप्रबन्धक, गुहेश्वरी मर्चेन्ट बैकिङ्ग एण्ड फाईनान्स लि. विगत १७ बर्षको अनुभव ।	संस्थापक समूह
३.	दिपक कुमार श्रेष्ठ	संचालक	स्नातक	संचालक, सानिमा हाईड्रोपावर कम्पनी लि. विगत ४ बर्षको अनुभव ।	संस्थापक समूह
४.	सुशान्त चाचान	संचालक	एम बि ए	निर्देशक, आदर्श पोलि प्लाष्टिक प्रा.लि. विगत ५ बर्षको अनुभव ।	संस्थापक समूह
५.	सुरेन्द्र कुमार गोयल	संचालक	स्नातक	अध्यक्ष, अरबिन्द ईम्पोरियम प्रा.लि. विगत ३० बर्षको अनुभव ।	संस्थापक समूह
६.	रवि कुमार गुप्ता	संचालक	बि एस सी	संचालक, कृष्णा नेपाल ट्रेडिङ प्रा.लि. विगत १५ बर्षको अनुभव ।	सर्वसाधारण समूह
७.	शौरभ रुंगटा	संचालक	स्नातक	डाईरेक्टर, आर आर पोलिकोटिङ एण्ड लेमिनेशन, विगत ४ बर्षको अनुभव ।	सर्वसाधारण समूह

नोटः हाल सञ्चालक समितिबाट नियुक्त हुने स्वतन्त्र सञ्चालक - १ (एक) नियुक्त हुन बाँकी ।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण :

नाम	ठेगाना	शैक्षिक योग्यता	अनुभव/पद
श्री राजेश कुमार श्रेष्ठ	७/२८१, रेशमकोठी, वीरगंज, पर्सा (हाल ५४/१० भिमसेनगोला, पुरानो बानेश्वर काठमाण्डौं)	एम.बि.ए., वि.एल.	नेपाल बैंक १७ बर्ष, उप-प्रबन्धक, एनसिसि बैंक ३ बर्ष, उप-प्रबन्धक, महालक्ष्मी फाईनान्स लि. ५ बर्ष, प्रमुख कार्यकारी अधिकृत, एशियन लाईफ इन्स्योरेन्स क.लि. मा विगत ५ वर्ष देखि प्रमुख कार्यकारीको रुपमा कार्यरत ।

८. संचालक समितिको बनौट :

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछः

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	५ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	२ जना
सञ्चालक समितिबाट नियुक्त गरेको स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	८ जना

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.८०,५५,९३,२४०/- को दुई शेयर बराबर एक शेयर (२ : १) (अर्थात् विद्यमान २ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.४०,२७,९६,६२०/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका ४०,२७,९६६.२० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई कम्पनीको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१३. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

विवरण	वास्तविक (रु. हजारमा)			आ.ब. ०७३/७४	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३		आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
श्रोत							
१ चुक्ता पूँजी **	५२१,२९७	६७१,३२८	६७१,३२८	८०५,५९३	१,८१२,५८५	२,०३०,०९५	२,०३०,०९५
२ जगेडा तथा कोषहरु	३०४,३१८	१९३,६४३	२८२,०३९	२२८,३७९	५०,४२३	७९,१९६	१४२,४३५
३ जीवन बीमा कोष	४,४२९,६५७	५,८५४,८२३	७,७४४,३२५	९,९९८,२४८	१२,७३३,२१३	१६,१२६,७१५	२०,३५९,८९१
४ महा-विपत्ती जगेडा	१७,४९१	२०,६१९	३१,२२६	४१,२४८	५५,३६५	७६,३६८	१०२,९९३
५ तिर्न बाँकी दिर्घकालीन ऋण तथा सापट	-	-	-	-	-	-	-
कुल स्रोत	५,२७२,७६३	६,७४०,४१२	८,७२८,९१८	११,०७३,४६८	१४,६५१,५८५	१८,३१२,३७४	२२,६३५,४१४
उपयोग							
६ स्थिर सम्पत्ति (खुद)	७२,५८१	२०३,३५६	२११,३६२	२११,६२३	२३०,०००	२४०,०००	३००,०००
७ दीर्घकालीन लगानी	९८५,७६२	५,२४०,१०६	६,९९२,३१५	८,८२५,६८१	११,८५०,०००	१४,८००,०००	१७,०००,०००
८ बीमालेखको धितोमा कर्जा	१०४,८०५	१७५,७७७	२८४,१५०	४५५,३६९	७५०,०००	१,००१,५७६	२,०००,०००
९ अन्य दिर्घकालीन कर्जा	३६,९४७	३७,९१९	४४,९१७	४७,११५	७५,०००	३००,०००	५००,०००
१० चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु							
नगद तथा बैंक मौज्दात	८७,६६०	२१४,४९९	२२४,७५७	५३२,३०८	५५४,०३९	५४१,३८४	७३८,५८३
११ अल्पकालीन लगानी	३,५३७,९६७	३७७,५५७	३१३,१९३	२२०,०४३	४५५,३७१	७२१,४१४	१,३६१,८३१
१२ अन्य अल्पकालीन कर्जा	१६,२५१	३३,०८६	३६,१०२	६५,४६५	९०,०००	१२०,०००	१५०,०००
१३ अन्य सम्पत्ति	५६४,८३४	६२६,५५६	८४६,१०९	९४९,११२	१,०१७,१७५	१,२५०,०००	१,६००,०००
जम्मा (क) (१०+११+१२+१३)	४,२०६,७१२	१,२५१,६९७	१,४२०,१६१	१,७६६,९२८	२,११६,५८५	२,६३२,७९८	३,८५०,४१४
चालु दायित्व तथा व्यवस्थाहरु							
१४ चालु दायित्व	९७,४१८	१२८,९०७	१६५,५०७	१६५,१७०	३००,०००	५००,०००	८००,०००
१५ असमाप्त जोखिम वापत व्यवस्था	-	-	-	-	-	-	-
१६ भुक्तानी हुन बाँकी दाबी वापत व्यवस्था	५,१३१	५,८८२	८,६४९	११,८४४	१०,०००	१२,०००	१५,०००
१७ अन्य व्यवस्था	३१,६६२	३३,७२१	४९,८३०	५६,२३४	६०,०००	१५०,०००	२००,०००
जम्मा (ख) (१४+१५+१६+१७)	१३४,२१२	१६८,५१०	२२३,९८६	२३३,२४९	३७०,०००	६६२,०००	१,०१५,०००
१८ खुद चालु सम्पत्ति (ग) = (क) - (ख)	४,०७२,५००	१,०८३,१८७	१,१९६,१७४	१,५३३,६७९	१,७४६,५८५	१,९७०,७९८	२,८३५,४१४
१९ अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	१६९	६६	-	-	-	-	-
२० नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	-	-	-	-	-	-	-
कूल उपयोग (६+७+८+९+१८+१९+२०)	५,२७२,७६३	६,७४०,४१२	८,७२८,९१८	११,०७३,४६८	१४,६५१,५८५	१८,३१२,३७४	२२,६३५,४१४

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			आ.ब. ०७३/७४	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३		आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
आम्दानी							
१ आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान)	१,६९१	-	-	-	-	-	-
२ जीवन बीमा कोषबाट सारेको	४६,५६२	४०,२०४	७२,७१०	९४,६२१	१२५,०००	१६५,०००	२२५,०००
३ लगानी, कर्जा तथा अन्यबाट आय	४७,८९२	४०,३१३	५६,७२५	६८,३६४	९८,७८९	११८,५४७	१४२,२५६
४ व्यवस्था फिर्ता	४,०८५	४,५००	५,५००	-	-	२५,०००	२५,०००
५ अन्य आम्दानी	-	-	-	-	-	-	-
जम्मा आम्दानी (क)	१००,२३०	८५,०१७	१३४,९३५	१६२,९८५	२२३,७८९	३०८,५४७	३९२,२५६
खर्च							
६ व्यवस्थापन खर्च	१७,०७८	२४,५५६	२५,८५२	२९,७०९	४२,००९	५२,५१२	६३,०१४
७ अपलेखन खर्च	-	-	-	-	-	-	-
८ शेयर सम्बन्धि खर्च	४६५	३२०	-	७९८	१,५००	-	-
९ अन्य खर्चहरु	-	-	-	-	-	-	-
१० नोक्सानीको लागि व्यवस्था	-	-	-	-	२५,०००	२५,०००	३०,०००
११ कर्मचारी आवास व्यवस्था	-	-	-	-	-	-	-
१२ कर्मचारी बोनस व्यवस्था	७,५१७	५,४६७	९,९१७	१२,०४४	१४,११६	२१,००३	३२,९९३
१३ अ) समायोजीत आयकर	-	-	-	-	-	-	-
१४ आ) आयकर	-	-	-	-	-	-	-
१५ इ) स्थगनकर (सम्पति)/दायित्व	४५	२३,३९९	(६,९०४)	२९,८०७	-	-	-
१६ जीवन बीमा कोषमा सारेको	-	-	-	-	-	-	-
जम्मा खर्च (ख)	२५,१०५	५३,७४२	२८,८६५	७२,३५७	८२,६२६	९८,५१५	१२६,००७
१७ खुद मुनाफा/नोक्सान (क - ख)	७५,१२५	३१,२७५	१०६,०७०	९०,६२८	१४१,१६३	२१०,०३२	२६६,२४९
१८ अघिल्लो बर्षको शेयर प्रिमियम	-	-	९,७४८	-			
१९ अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान)	९९,७८७	१,०७६	५२,६२३	९,५९७	१३०,०३२	५०,४२३	७९,१९६
बाँडफाँटको लागी उपलब्ध रकम	१७४,९१२	३२,३५१	१६८,४४०	९०,६२८	२७१,१९६	२६०,४५४	३४५,४४५
क) स्थगन कर जगेडा	(४५)	(२३,३९९)	६,९०४	(२९,८०७)	-	-	-
ख) पूँजीगत जगेडा	-	-	-	-	-		-
ग) विशेष जगेडा	-	-	-	-	-	-	-
२० घ) अन्य जगेडा	-	-	-	-	-	-	-
ङ) प्रस्तावित लाभाँश	-	-	-	-	-	-	-
अ) वोनस शेयर	१४८,५७०	-	१३४,२६६	-	२१७,५१०	-	-
आ) नगद लाभाँश	७,८१९	-	७,०६७	-	३,२६३	१८१,२५८	२०३,००९
च) महाविपत्ती जगेडा	१७,४९१	३,१२७	१०,६०७	१०,०२३	१४,११६	२१,००३	२६,६२५
२१ वासलातमा सारेको नाफा/(नोक्सान)	९८८	५२,६२३	९,५९७	१२०,४३५	५०,४२३	७९,१९६	१४२,४३५
शेयर संख्या (हजारमा)	५,२१३	६,७१३	६,७१३	८,०५६	१८,१२६	१८,१२६	१८,१२६
प्रति शेयर आम्दानी (रु.)	१४.४१	४.६६	१५.८०	११.२५	७.७९	११.५९	१४.६९

एकिकृत आय-व्यय हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			आ.ब. ०७३/७४	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३		आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
आय							
१ बीमा शुल्क खुद	१,३७५,९९१	१,६४१,१९८	१,९९९,५००	२,२७८,६०१	२,८७१,०३७	३,६१७,५०६	४,५५८,०५८
२ पूर्नबीमा कमिशन आय	१,४८३	१,३४२	-	-	-	-	-
३ लगानी, कर्जा तथा अन्यबाट आय	३४१,३९९	३३७,३५२	५४४,१८०	७४०,९१७	८८९,१००	१,०६६,९२०	१,२८०,३०४
४ बीमालेखको धितोमा कर्जाबाट आय	३,४८४	६,८९६	१०,३६६	१७,८३५	२१,४०२	२५,६८२	३०,८१९
५ अन्य प्रत्यक्ष आय	१०,७८५	११,९१०	१४,२२९	२५,३४७	३०,४१६	३६,५००	४३,८००
६ आर्थिक बर्षको शूरुको भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था	४६०	५,१३१	५,८८२	८,६४९	११,८४४	१०,०००	१२,०००
७ आर्थिक बर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था	१,३१५	-	-	-	-	-	-
जम्मा आय (क)	१,७३४,९१६	२,००३,८२९	२,५७४,१५६	३,०७१,३४८	३,८२३,७९८	४,७५६,६०८	५,९२४,९८०
व्यय							
८ दाबी भुक्तानी खुद	८१,७७९	१११,०६२	११६,५०८	१६५,८९०	१९९,०६८	२३८,८८२	२८६,६५८
९ अभिकर्ता कमिशन	१४६,२८२	१८१,२९८	२३१,८७१	२५३,१९४	३४४,५२४	४३४,१०१	५४६,९६७
१० स्वास्थ्य परीक्षण शुल्क	२,००२	२,८०२	२,२५३	१,७१३	३,४४५	४,३४१	५,४७०
११ पूर्नबीमा कमिशन खर्च	-	-	-	-	-	-	-
१२ सेवा शुल्क खुद	१३,७६०	१६,४१२	१९,९९५	२२,७८६	२८,७१०	३६,१७५	४५,५८१
१३ अन्य प्रत्यक्ष खर्च	-	-	-	-	-	-	-
१४ व्यवस्थापन खर्च	१५३,७०५	२२१,००३	२३२,६६८	२६७,३७८	३७८,०८५	४७२,६०७	५६७,१२८
१५ आयकर	-	-	-	-	-	-	-
१६ आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था	५,१३१	५,८८२	८,६४९	११,८४४	१०,०००	१२,०००	१५,०००
१७ आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था	-	-	-	-	-	-	-
जम्मा व्यय (ख)	४०२,६५९	५३८,४५९	६११,९४४	७२२,८०५	९६३,८३४	१,१९८,१०५	१,४६६,८०४
१८ जीवन बीमा कोषमा सारेको बचत (क)-(ख)	१,३३२,२५७	१,४६५,३७०	१,९६२,२१३	२,३४८,५४३	२,८५९,९६५	३,५५८,५०२	४,४५८,१७६
१९ नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान) (क) - (ख)	१,६९१	-	-	-	-	-	-

कम्पनीको वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि बाँकि हुने खुद सम्पत्ति (नेटवर्थ):

विवरण	वास्तविक (रु. हजारमा)			आ.ब. ०७३/७४	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३		आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
१ चुक्ता पूँजी	५२१,२९७	६७१,३२८	६७१,३२८	८०५,५९३	१,८१२,५८५	२,०३०,०९५	२,०३०,०९५
२ जगेडा तथा कोष	३०४,३१८	१९३,६४३	२८२,०३९	२२८,३७९	५०,४२३	७९,१९६	१४२,४३५
३ जीवन बीमा कोष	-	-	-	-	-	-	-
४ महा-विपत्ती जगेडा	-	-	-	-	-	-	-
५ तिर्न बाकि दीर्घकालिन ऋण तथा सापटी	-	-	-	-	-	-	-
खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ)	८२५,६१५	८६४,९७०	९५३,३६७	१,०३३,९७२	१,८६३,००७	२,१०९,२९१	२,१७२,५३०
६ घटाउने : स्थगन खर्च	-	-	-	-	-	-	-
कुल नेटवर्थ	८२५,६१५	८६४,९७०	९५३,३६७	१,०३३,९७२	१,८६३,००७	२,१०९,२९१	२,१७२,५३०
७ शेयर संख्या (हजारमा)	५,२१३	६,७१३	६,७१३	८,०५६	१८,१२६	२०,३०१	२०,३०१
८ प्रति शेयर नेटवर्थ (रु.)	१५८.३७	१२८.८४	१४२.०१	१२८.३५	१०२.२५	१०३.४३	१०६.५४
९ नेटवर्थमा औषत प्रतिफल **	९.१०	३.६२	११.१३	११.६९	७.५८	१०.००	१२.२६
निष्काशन पूर्वको प्रतिशेयर आम्दानी (EPS) कायम राख्न बृद्धिहुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफलः					१३.००		

**कुल नेटवर्थ गणना गर्दा स्थगन कर सम्पत्ति पनि समावेश गरिएको छ ।

नोटः आर्थिक बर्ष २०७३/७४ को आषाढ मसान्तसम्मको वित्तीय विवरण लेखापरीक्षण भइसकेको तथा प्रक्षेपित वित्तीय विवरणलाई चार्टड एकाउन्टेण्ट श्री राजाराम कडेंलले पुनरावलोकन गरी प्रमाणित गर्नु भएकोछ ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित सम्भावित आर्थिक जोखिमहरु :

(१) हाल संचालनमा रहेका तथा नयाँ बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने सम्भावितजोखिमहरु :
- अप्रत्यासित र असामान्य बीमा दावीमा बृद्धि हुन गएमा कम्पनीको कारोवार र मुनाफामा पर्ने आर्थिक जोखिमहरु,
- नेपाल सरकारको आर्थिक नीति, बीमा सम्बन्धि नीतिहरु,औद्योगिक व्यावसायीक र वाणिज्य नीतिहरु,मुद्रा विनिमय सम्बन्धी नीतिहरु,बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिहरुमा परिवर्तन भएमा कम्पनीको कारोवार र मुनाफामा असर पर्न गई सृजना हुन सक्ने जोखिमहरु,
- पूनर्बीमा कम्पनीहरु टाट्पल्टेमा (दामासाहीमा) र पूनर्बीमागर्नु पर्ने आर्थिक जोखिमहरु ।

(२) उल्लेखित जोखिमलाई न्यून गर्न कम्पनीले गरेका न्यूनिकरण हुने आधारहरु :
- यस कम्पनीले अन्तर्राष्ट्रिय पूनर्बीमा कम्पनीसँग पूनर्बीमा गराएको छ । जसले गर्दा कम्पनीको दायित्व भुक्तानी गर्ने व्यवस्थालाई सुनिश्चित गर्दछ ।
- कम्पनीले अप्रत्याशित रुपमा पर्नसक्ने बीमा दावीको जोखिमलाई न्यूनिकरण गर्न प्रति ग्राहक रु.४,००,०००/- भन्दा बढीको क्षतिको लागी पुनर्बीमा व्यवस्था गरेकोछ । त्यसैगरी रु.४,००,०००/- सम्मको लागी महाविपत्ति बीमा (Catastrophy Insurance)को व्यवस्था समेत गरी सम्भावित क्षतिलाई न्यूनिकरण गरिएकोछ ।
- बीमा बजारमा हुने प्रतिस्पर्धाको लागी कम्पनीले आवश्यक जनशक्ति विकासमा ध्यान पुऱ्याएको छ ।
- बीमा ऐन र नियमावली बमोजिम कम्पनीले हरेक बर्षको मुनाफाबाट पर्याप्त मात्रामा जगेडाकोषको व्यवस्था गर्नेछ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः रु. १००/- प्रति सेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउनेछन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयरप्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा कम्पनीको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१६. यस कम्पनीको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०७१/०७२	१,३३१/-	७७५/-	१,०१३/-	६८७.७५
०७२/०७३	१,९८९/-	९४०/-	१,७१०/-	१,२००.२८
०७३/०७४	१,९३०/-	९०२/-	१,४८०/-	१,३००.५४

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७४ कार्तिक	१,५७७/-	१,३६६/-	१,४२०/-	४३.४८
२०७४ मसिंर	१,५१४/-	१,३८०/-	१,४४९/-	३४.९९
२०७४ पौष	१,४५५/-	१,३४४/-	१,३८३/-	५९.९०

द्रष्टव्यः यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र कम्पनीको संचालक समितिले हकप्रद शेयरको बाँडफाँट गरी अभौतिक (Demat) रुपमा शेयर सम्बन्धित शेयरधनीको खातामा जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइसकेको छ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।
(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यवस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यवस्था गरिएको ।
(ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको
(ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,
(छ) हक हस्तान्तरण आंशिक वा पुरैको लागि निवेदन दिंदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुने आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।
(ज) हक हस्तान्तरणको लागि मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।
(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर अन्य व्यक्तिलाई मनोनयन गरी हस्तान्तरण गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरिद पाउने छैन ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) श्री बीमा समितिको निर्देशन बमोजिम चुक्ता पूँजी कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।
२) कम्पनीको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप मिति २०७३/१२/१७ गते सम्पन्न आठौं तथा नवौं बार्षिक साधारण सभाबाट दुई शेयर बराबर एक शेयर (२ः १) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
३) कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
४) कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि कम्पनीको संस्थाको शाखा विस्तार गरी कारोबार वृद्दि गर्न आवश्यक पूँजी जुटाउन र
५) कम्पनीको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी विकास बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

क्र.सं.	लगानी शिर्षक	रकम (रु.)
१.	बाणिज्य बैंक निक्षेप	करिब रु.३६,२५,१६,९५८ /-
२.	पब्लिक कम्पनीको शेयरमा लगानी	करिब रु.४,०२,७९,६६२/-
	जम्मा	करिबरु.४०,२७,९६,६२०/-

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेन्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौ ।	००१०१०१०३२६४५२
२.	श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।	०१२४५२४६१६४२६०१७
३.	श्री प्राइम बैंक लिमिटेड, कमलपोखरी, काठमाण्डौ ।	००१०५०४७CA
४.	श्री साँग्रिला डेभलपमेन्ट बैंक लिमिटेड, बालुवाटार, काठमाण्डौ ।	०२५३००००११४३९१००००८

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई निष्काशनकर्ता कम्पनीले सूचना प्रकाशन गरी बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१. एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ तथा शाखा कार्यालयहरु लगनखेल, ललितपुर र चिप्लेढुङ्गा, पोखरा ।
२. एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड, मैतीदेवी, काठमाण्डौ तथा शाखा कार्यालयहरु : बनेपा, काभ्रे; काठमाण्डौ; सुर्खेत; बुटवल, रुपन्देहि; दमक, झापा; महेन्द्रनगर; विर्तामोड, झापा; विराटनगर; नारायणगढ, चितवन; नेपालगञ्ज; धरान, सुनसरी; दाङ्ग; बीरगञ्ज; पोखरा; धनगढी; हेटौडा; लहान; नुवाकोट; जनकपुर; डोटी; बालाजु; टीकापुर; जावलाखेल; पाल्पा र घोराही ।
३. नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त आस्वा (ASBA-Application Supported by Blocked Amount) सेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरुमा समेत आस्वा (ASBA) प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि. को वेवसाइट www.asianlife.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लि. को वेवसाइट www.niblcapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी एशियन लाईफइन्स्योरेन्स कम्पनी लि.को वेवसाइट www.asianlife.com.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.niblcapital.com बाट हेर्न सकिनेछ ।

२५. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "ईक्रा एनपि आईपिओ ग्रेड ४+" प्रमाणपत्र प्राप्त गरेको छ । "ईक्रा एनपि आईपिओ ग्रेड ४+" ले औसत भन्दा तल (Below Average Fundamentals) आधारहरु जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने +(Plus)चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

२६. संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको आधारभुत शेयरधनीहरु तथा संचालकहरुले जम्मा रकम रु. १८,०३,७३,५००/- भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।



दरखास्त फारामको नमुना

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कं. लि.
पो.ब.नं. २५९४३, एशियन लाईफ भवन, मैतिदेवी, काठमाण्डौ फोन नं.: ४४३०२७०,४४१०११५ फ्याक्स नं.: ४४४२१३८
कम्पनीको रजिष्टर्ड कार्यालयः वडा नं. ७, मेनरोड, बीरगंज, पर्सा
Email:asianlife@asianlife.com.np, Website:www.asianlife.com.np

मितिः २०७४ / /

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

मार्फतः NIBL CAPITAL एनआईबिएल क्यापिटल मार्केट्स लि.

श्री संचालक समिति,
एशियन लाईफ इन्स्योरेन्स कं. लिमिटेड
मैतिदेवी, काठमाडौं, नेपाल ।

कोड नं.
शेयरधनी नं./परिचय नं.

DP ID
Client ID

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः NIBL CAPITAL एनआईबिएल क्यापिटल मार्केट्स लि.
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
Email: info@niblcapital.com
Website: www.niblcapital.com

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.
शेयरधनी नं./परिचय नं.

Applicant's Name	
Company's Name	Asian Life Insurance Company Ltd.
No. Of Shares Applied	Call Money per Share Rs.100 Amount Deposited
Amount in Words	

For Official Use Only:
Code No.
Received by:
Date:
Stamp
DP ID
Client ID

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com